# नेपाली समाजमा, संस्कृतिकरणको प्रभाव : एक ऐतिहासिक अध्ययन

***नीलकुमार क्षेत्री, चक्रबहादुर कार्की****

**शोधसार**

नेपाली समाजमा संस्कृतिकरण एउटा महत्वपूर्ण चरित्र बनेको छ । संस्कृतिकरण भनेको सामाजिक स्तरीयकरणमा जात जातिहरूको माथि चढ्ने गतिशीलतालाई जनाउँदछ (स्टिलर, १९७६ : १५३-१८३) । एम.एन श्रीनिवासले दक्षिण भारतका कुग भन्ने जातिका सन्दर्भमा उक्त विचार ल्याएका हुन् । उनका अनुसार जव तल्लो जातले माथिल्लो जातको सिको गरेर जाँड, रक्सी र माछा मासु खान छोड्छ अर्थात माथिल्लो जातको सामाजिक सांस्कृतिक मूल्यमान्यताहरूलाई अनुशरण गरेर तल्लो जातिले आफ्नो सामाजिक स्तर बढाउँन खोज्दछ भने यस प्रकृयालाई संस्कृतिकरण भनिन्छ (श्रीनिवास, १९६२) । उनले भारतमा संस्कृतिकरणलाई समाजको आन्तरिक प्रकृयाका रूपमा विश्लेषण गरेको छन् । तर नेपालमा संस्कृतिकरण भनेको राज्यले नियम कानुन बनाएर दक्षिणका मूल्यमान्यताहरूलाई सामाजिक थिति वसालेको देखिन्छ । यस अध्ययनले नेपाली समाजमा संस्कृतिकरणका केही छायाँहरूलाई ऐतिहासिक दृष्टिकोणवाट प्रस्तुत गर्ने प्रयत्न गरेको छ । किनकी हामी वर्तमानमा प्रवेश गर्दै गर्दा अतितलाई आह्वान गरिन्छ । यस लेखको मूल तर्क पनि अतितमा यहाँका शासकहरूले दक्षिणको स्मृतिपुराणप्रोक्त धर्मका आधारमा नियम कानुन बनाएर समाजमा दक्षिणको सामाजिक साँस्कृतिक मूल्यमान्यताहरूलाई भित्रियाएको देखिन्छ । यसर्थ नेपाली समाजको स्तरीकरण जातिप्रथाको आकारमा परिणत हुन गएको हो । यस प्रकृयामा महिलालाई दोस्रो दर्जाको स्थान दिएर उसको यौनिकतालाई नियन्त्रण गरी घरगृहस्थिकै कामकाजमा सिमित राखियो । जसले पुरुषप्रधान आकारलाई बलियो उर्जा प्रदान गर्दछ । अतितमा राज्यले बनाएका नियम कानुनहरू आज क्रियाशील नभए पनि समाजका यी मूल्यमान्यताहरू जीवितै छन् । जस्तै : जात प्रणाली र भेदभावलाई संविधानले अस्वीकार गरे पनि जनगणना र आरक्षण चाहि जाति कै आधारमा दिएको छ । प्रस्तुत अध्ययनमा प्रकाशित भएका ऐतिहासिक दस्तावेज, धार्मिक ग्रन्थहरू, द्वितीय सामाग्रीहरू र षडानन्द अधिकारीका बारेमा भोजपुरको षडानन्द नगरपालिकाबाट उनका बारेमा संकथन लिईएको छ । यस संस्कृतिकरणको बिषयलाई शैव सिद्धान्तको दृष्टिकोणबाट हेरिएको छ ।

**शव्द कुञ्जी** : **जातजाति, संस्कृतिकरण, शासनव्यवस्था, मूल्यमान्यता ।**

## १. स्मृति पुराणोक्त धर्म

संस्कृतिकरणका वारेमा छलफल गर्दा यो तथ्य वुझ्न आवश्यक छ कि-संकृतिकरणको मूल श्रोत स्मृति पुराणोक्त धर्म नै हो । जसको मूल बिशेषता नीजी सम्पत्तिको महत्व बर्णश्रम धर्म, र महिला माथि पुरुषहरूको प्रभुत्व कायम रहने प्रबृत्ति हुन्छ । यस तथ्यको पुष्टि बशिष्ठ ऋषिले रचेको पुरुषसुक्त जुन ऋग्वेदको मण्डल - १० मा उल्लेख गरिएको छ र मनुस्मृति, नारादस्मृति, विष्णुस्मृति, भागवत पुराण र भगवत गीताले स्पष्ट

* ***क्षेत्री र कार्की, विद्यावारिधी अनुसन्धाता हुनुहुन्छ ।***

पार्दछन् । ऋग्बेद्को पुरुषसुक्त चाहि नेपाली पण्डितहरूले यसलाई क्षेपक वा पछि थपिएको हो भन्ने मान्यता छ । ऋग्बेदमा पहिलाजात प्रणालीको कुरा थिएन् । त्यस पुरुषसुक्तलाई क्षेपकको रूपमा स्थापित छ ।

यस धर्मका दर्शनहरू तीनओटा छन् : जसमा बशिष्ठ ऋषिको योगदर्शन, बदरायण ऋषिको वेदान्त दर्शन र कपिलमुनीको संख्या दर्शन । यि तीनैवटा दर्शनले आत्मा र पुर्नजन्मको सुख र दुखका काराण इच्छा हो । त्यही इच्छाका कारण पुर्नजन्म हुन्छ भनिएको छ । मनुष्य जीवनको अवस्था र स्थिति जुन जुनीमा गरेको कर्मको परिणाम हो । जवसम्म आत्माले मोक्ष पाउँदैन, तवसम्म त्यसले विभिन्न जुनी लिईरहन्छ । साथै माया मोहको संसारमा फँसिरहन्छ । यस्ता विचारहरू भगवात गीतामा सरल रूपले संग्रह गरिएको छ । भगवान कृण्णले भगवत गीतामा भन्छन कि - चारवटै बर्णहरू उनले नै बनाएका हुन् (द्यजबनबखबम नष्तब एमा०) । त्यसैगरी मनुले भन्छन् कि- कर्म अनुसार मानिसहरू उच्च वा निच बर्णमा जन्म लिन्छन् । महिलालाई मनुका अनुसार श्रीमान भनेका श्रीमतीका स्वामी हुन् ,उनीहरूलाईलाई नियन्त्रण नगरे जोसँग पनि गएर संभोग गर्दछन् । त्यसकारण मनुले भन्छन महिलालाई स्वतन्त्र हुन दिनु हुँदैन । महिला सानो हुँदा वावुको अधिनमा, तरुनी भएपछि श्रीमानको र वृद्धा भएपछि छोराको अधिनमा बस्नु पर्दछ (Manu-Smriti. pdf) ।

स्मृति पुराणोक्त धर्मका अनुयायीहरूका मनुस्मृति र भगवत गीताका साथै कपिल मुनीको संख्या दर्शन, गरुढ पुराण, बिष्णु पुराण मूल धार्मिक ग्रन्थ हुन् । नेपाली समाजमा भानुभक्तीय रामायण र वधुशिक्षाको पनि उत्तिकै प्रभाव रहेको देखिन्छ, जुन १९औ शताब्दीका लेखहरू थिए । भानुभक्तको रामायणले रामलाई मुख्य भगवानका रूपमा चित्रण गरि जन्म, कर्म र महिलालाई पुरुषप्रधान आकारमा घरगृहस्थिको काममा बाँध्ने कार्य गरेको देखिन्छ । (आचार्य, २०६४ : २४०) । त्यसै गरी आचार्यले बधुशिक्षामा छोरी, श्रीमती र बुहारीले घरका के कस्ता काम र व्यवहार गर्नु पर्छ भन्ने विषयलाई प्राथामिकता दिएका छन् । जसमा महिलाको स्वामी वा भगवान भनेका श्रीमान नै हुन् । उनीहरूले श्रीमान्को सधै भक्ति गर्नु पर्दछ र श्रीमान्को खुट्टाको जल पिउँनु पर्दछ, साथै श्रीमानले दिएका आज्ञालाई पनि पालना गर्नु पर्दछ (आचार्य, २०६४ : २३९) । उनका अनुसार एउटी महिलाले आफ्नो श्रीमान्ले सौता ल्याए पनि रिस गर्नु हुँदैन । महिलाहरू खुला रूपमा हाँस्नु हुँदैन र यसरी हाँस्ने महिलाहरू बेश्या हुन्छन् (आचार्य, २०६४ : २४१) । आज पनि गाउँघरमा बस्ने तल्लो मध्यम वर्ग र गरीव परिवारका अधिकतम् महिलाहरू भानुभक्तको आदर्श महिलाका रूपमा वाँचिरहेका छन् । उनीहरूले जीबनभर घरगृहस्थिकै कामकाज अर्न्तगत पुरुषप्रधान संस्कृतिमा बाँधिएर बस्दछन् ।

भानुभक्त आचार्य १९ औं शताब्दीको संस्कृतिरणका उत्कृष्ट नायक थिए भने भोजपुरका षडानन्द अधिकारी स्मृति पुराणोक्त धर्मका कर्मयोगी थिए । उनको जन्म भोजपुर जिल्लाको दिङ्लामा वि.स. १८९२ सालमा भएको थियो भने उनको ८१ वर्षको उमेरमा वि.स. १९७३ सालमा स्वर्गाहरोहण भएको थियो । षडानन्द अधिकारीले वि.सं. १९३२ सालमा दिङ्ला बजारमा संस्कृत पाठशालाको स्थापना गरी तत्कालीन समाजमा शिक्षाका ज्योति फैल्याएका थिए । उनैका कारण नेपालको शैक्षिक जागरणमा महत्वपुर्ण उपलब्धि हासिल भएको थियो । भोजपुर जिल्लामा रहेका सामाजिक सङ्कथनहरूका अनुसार -उनी बाल्यअवस्था देखि नै दिदीको घरमा वस्दै आएका थिए र उनी ९ वर्षका छँदा दिदी भिनाजुले विवाह गर्नु पर्छ भनी कर गरे पछि त्यहाँवाट भागेर हिंडे । त्यसैवेला बाटोमा एकजना मधेशी जोगीसँग उनको भेट भयो र त्यस जोगीले जनकपुर लगेर आश्राममा राखिदियो । उनी १५-१६ वर्षको उमेरसम्म त्यही बसे । त्यसपछि षडानन्द बनारस गएर संस्कृत पढ्न थाले । उनले दुईवर्ष लगाएर भारतका बिभिन्न तीर्थस्थलहरूको पनि भ्रमण गरे । बनारसवाट पढेर नेपाल फर्किए पछि

काठमाण्डौं स्थित वागमती किनारमा बसेर संस्कृतको ज्ञान दिन थाले । उक्त कुरा तत्कालीन प्रधानमन्त्री जंगवहादुर राणाले थाहा पाए पछि उनलाई दुध खानका लागि गाई र बस्नका लागि आश्राम वनाई दिए । त्यसको केही समय पछि उनले आफ्नी आमालाई सपनामा देखेपछि उनी आफ्नो जन्मथलो भोजपुरको दिङ्ला फर्किए । समाजमा भएका सङ्कथनहरूका अनुसार, षडानन्द नगरपालिकामा बसोबास गर्ने मानिसहरूका अनुसार-उनले दिङ्ला बजारमा रामचन्द्र मन्दिरको निर्माण गराएका हुन् । पहिला पहिला क्षेत्री ब्राह्मणहरूले तुलसीको बोटलाई पानीको धारा आसपासमा रोप्ने प्रचलनलाई हटाई घरको आँगनमा नै मोठ बनाएर रोप्ने र पुजा गर्ने चलन चलाए । त्यसैगरी आफ्ना पितृहरूको श्राद्धमा बोका काटेर मासु चढाउँने चलनलाई बालगुरुले हटाई खीरको पायस बनाएर चढाउने चलनको थिति बसाले । उनले दिङ्ला बजारमा वि.स. १९३२ सालमा संस्कृत पाठशालाको स्थापना गरी धर्मशास्त्र, पुराण र वेदान्त शिक्षाको प्रचार प्रसार गरेका थिए । यहाँ देशभरका मानिसहरू र भूटान, दार्जिलिङ्ग, सिक्किमवाट समेत संस्कृत शिक्षाको ज्ञान हासिल गर्न आउँने गर्दथे । षडानन्दले सबै जातजातिहरूलाई पुराण र धर्मशास्त्र पढाउनु पर्छ भनी शिक्षामा कसैलाई पनि कुनै रोकटोक गरेनन् । उनले यस्ता शास्त्र र पुराणको अध्ययनबाट समाजमा चेतना ल्याउँने प्रयास गरेका हुन् । तर जुन पुराण र धर्मशास्त्रहरूका नियम कानुनहरूले समाजमा निजी सम्पत्ति र महिला माथिको प्रभुत्वलाई बलियोसँगले स्थापित गरिदियो । स्मृति पुराणोक्त धर्मलाई समाजमा बलियो बनाउँन समाजका केही टाठाबाठाहरू लागि परे । जे होस बालगुरु षडानन्दले तत्कालीन पराम्परागत रुढ समाजको परिवर्तनका लागि शैक्षिक उन्नयनमा ठूलो भूमिका निर्बाह गरेका हुन् ।

१९औं शताव्दीमा तीव्र गतिमा चलिरहेको संस्कृतिकरणको प्रभाव आज पनि नेपाली समाजमा कायमै देखिन्छ । जस्तै भानुभक्तको रामायण, वधुशिक्षा, भगवत गीता र भगवत पुराण आज पनि आदर सम्मानका साथ समाजमा नेपालीहरूले पढेने गर्दछन् । खास गरेर वृद्धहरूले आउँने जुनीमा किटपतङ्ग हुन नपरोस भनी भगवत पुराण महत्वका साथ पढ्ने गरेको पाईन्छ । त्यसो गरे उनीहरूले जीवनभर गरेका पाप काटिन्छ भन्ने मान्यता र बैकुण्ठ बासको अपेक्षा राख्दछन् । जहाँ विष्णु शेषनाग माथि सुतेका हुन्छन् र उनकी श्रीमती लक्ष्मीले उनको खुट्टा मिचि राखेकी हुन्छिन् । यसरी आज पनि नेपाली समाज पुरुषप्रधान मूल्य मान्यतामा जकडिएको छ । यस धर्मका मूल्य मान्यताहरू शासकहरूले इतिहासका विभिन्न कालखण्डमा कसरी लागू गरे भन्ने तर्क राख्नु अगाडि नेपालको मौलिक धर्म र त्यसमा आधारित संस्कृति के हो भन्ने विषयमा छलफल गर्न आवश्यक छ । अहिलेको नेपाली समाज स्मृतिपुराणोक्त धर्म र पश्चिमा ज्ञानप्रणाली एवं संस्कृतिको प्रभाव र प्रहारवाट पीडित छ । जसका कारणले नेपालको मौलिक ज्ञानप्रणाली र संस्कृतिमा आधरित नेपालको हितमा नीति निर्माणका साथै यससँग सम्वन्धित कर्महरू भएका छैनन् । स्मृति पुराणोक्त धर्मले पदार्थलाई महत्व दिदैन् र समुदायवादलाई पनि स्वीकार्दैन । यसले व्यक्ति र वर्ण भन्ने झुण्डको पहिचानलाई प्राथामिकता दिन्छ । यसर्थ सार्वजनिक सम्पत्ति भन्दा नीजि सम्पत्तीको महत्व बढेको देखिन्छ । त्यसैगरी पश्चिमा सिद्धान्तहरूले नीजिकरण, जातिय र क्षेत्रीय पहिचान, ब्यक्तिको क्षमता र स्वार्थको गुणगान गाउँदछ । त्यसकारण यी दुवै नेपाल र नेपालीका लागि हानिकारक छन् ।

### २ पाशुपत शैव धर्म

नेपालको मौलिक संस्कृति भनेको पाशुपत शैव धर्ममा आधारित छ । जुन तथ्यको पुष्टिलाई ऐतिहासिक दस्तावेज र त्यसका जीवन झलकहरूले स्पष्ट पार्दछ । नेपाली समाजमा रहेका विभिन्न जातिहरूको धर्म र रीतिथितिहरूका सङ्कथनहरूले पनि जनाउँदछन् कि नेपालको मौलिक संस्कृतिको भनेको नै शैव संस्कृति हो ।

दक्षिणवाट भित्रिएको स्मृतिपुराणोक्त धर्म र पश्चिमा संस्कृतिको प्रभाव र प्रहार भए पनि नेपालीहरूले आफ्नो सनातन देखि नै चलिआएको धर्मलाई संरक्षित गरेर राखेका छन् । संस्कृतिकरणको प्रभाव परे पनि पहाडे ब्राह्मणहरूले आज पनि ऋग्वेद् र शुक्लयर्जुवेद्को पाठ गर्दछन् । जहाँ रुद्र वा शिवलाई सृष्टिको रचयिता, जगतका पिता, सवैभन्दा दयावान र सवैभन्दा क्षमावान भनिएको छ । जसको आसन पृथ्वीवाट स्वर्गसम्म फैलिएको छ, रूप र गुणको कल्पना पनि गर्न सकिन्दैन । जो चारैतिरवाट प्रकाशले घेरिएर सुशोभित छन् । जसको शक्तिलाई देवीका रूपमा पूजिन्छ । जो महादेवका नामले चिरपरिचित छन् । उनकै अधिनमा देवताहरू छन् । ती देवताहरू अग्निको ज्योतिवाट बनेका हुन् (Rigvedacomplete.pdf) । ऋग्वेदका अनुसार जीवनको शुरुवात जलवाट भएको हो (Rigvedacomplete.pdf)।

ऋग्वेदमा लेखिएको छ कि - ऋषि विश्वमित्र, ऋषि भृगु र ऋषि अंगिरा पहाडमा बस्दथे ॥ लिच्छवि कालमा लेखिएको नेपाल महात्म्यमा उल्लेख छ । विश्वामित्र ऋषि कोशी नदीको किनारमा वस्दथे र त्यहाँ उनले एउटा शिवलिङ्गको स्थापना गरे । जसलाई कुशेश्वर महादेव भनिन्छ (Pashupatinath.pdf) ।

कोइराला र नेवार महर्जनहरूको कुलदेवता तिनै कुशेश्वर महादेव हुन् । नेपाल महात्म्यका अनुसार - विश्वमित्र ऋषिले अर्को शिवलिङ्गको स्थापना कोशी र रोशी नदीको दोभानमा गरेका थिए । जसलाई विश्वमित्रेश्वर भनिन्छ । आज यस ठाउँलाई दोलालघाट भनिन्छ भने त्यहाँ रहेका शिवलिङ्गलाई डोलेश्वर महादेवका नामले चिनिन्छ । बैदिक साहित्यका अनुसार विश्वमित्रका सन्तानहरू जसमा रुरु ऋषि, ऋषभ ऋषि र चरक ऋषि प्रसिद्ध थिए । उनीहरू गण्डकी नदीको किनारमा गएर बसे । त्यस ठाउँलाई आज रुरु क्षेत्र भन्दछन् जुन पाल्पा जिल्लामा पर्दछ । चरक ऋषिको चरक संहिता आर्युवेदको मूलग्रन्थ मानिन्छ । जसमा लेखिएको छ कि बोकाको मासु पितृहरूलाई चढाए उनीहरू प्रसन्न हुन्छन् । त्यसकारण क्षेत्री ब्राह्मणहरूले पनि १९औं शताव्दीसम्म पितृ श्राद्धमा बोका काटेर मासु चढाउँदथे । तर भोजपुरका बालगुरु षडानन्द अधिकारीले बनारसवाट पढेर आए पछि राणा शासनको समयमा यस पुर्खेउली पराम्परालाई हटाएर खीरको पायस बनाएर चढाउने थिति बसाले । तर आज पनि किराँतहरूले आफ्ना परिवारमा कोही मृत्यु भएमा चोखिदा मासु नै अनिवार्य चढाउनु पर्ने हुन्छ । त्यसैगरी मगर र नेवारहरूमा श्राद्ध गर्दा मासु नै चढाउने चलन छ । यी जनजातिहरूले आज पनि वैदिक पराम्परालाई मान्दै आएका छन् । १९औं शताव्दीको राणाकालमा नेपालमा शैक्षिक संस्थाहरू खुलेका थिएनन् । अर्थात तत्कालीन सरकारले शिक्षामा खासै ध्यान दिएको थिएन । यसर्थ यहाँका क्षेत्री ब्राह्मणहरू पढ्नका लागि भारतको बनारस, अलाहवाद, कलकत्ता लगायत ठाउँहरूमा जाने गर्दथे । उनीहरू त्यहाँवाट स्मृति पुराणोक्त धर्मवाट प्रभावित भएर फर्कन्थे । त्यसकारण केही हदसम्ममा १९औं शताब्दी देखि नेपाली समाजमा स्मृति पुराणोक्त धर्मको प्रभाब केहीहदसम्म बढेको देखिन्छ ।

नेवार समुदाय जसको जनसंख्या काठमाडौ उपत्यकामा अधिकतम रहेको छ । उनीहरूमा अष्टममातृका देवी र शिवलाई नै विभिन्न रूपहरूमा पुज्ने गर्दछन्, जसलाई नाटेश्वर भनिन्छ । उनै नाटेश्वरले उनीहरूलाई गीत गाउँन र बाजा बजाउँन सिकाए । उनीहरूले शिवलाई भैरब र बाघभैरबका रूपमा पनि पुज्दछन् । त्यसैगरी मगरहरूले शिव र खास गरी दुर्गालाई पुज्दछन् । जसमा प्रसिद्ध थान गोरखाको मनकामना नै हुन । तामाङ्ग जातिमा रहेका सङ्कथनहरलाई हेर्दा शिवलाई लाहा वा शिब्दा भन्दछन् । उनीहरूले शिवलाई भैरुङ्गपाती चढाउँदछन् । भैरुङ्ग कैलाशमा भाङ्गधतुरो खाएर सुत्दछन् । जव तामाङ्गहरूले डम्फू बजाएर सेलो नाच्दछन् तव भैरुङ्ग जाग्दछन् । किराँतहरूको मूल धार्मिक ग्रन्थ मुन्धुम हो । जुन १९औ शताव्दीमा आएका अंग्रेजी राजदूत

बि.एच. हड्सनले लण्डन लागेका थिए । त्यही मुन्धुमको आधारमा सुनिती कुमार चट्र्जीले किराँत जनकृर्ति लेखे । त्यसपछि इमानसिंह चेमजीङ्गले किराँतको इतिहास लेखे (History of the kirat.pdf)।

ती पुस्तकहरूमा मुन्धुमका बारेमा स-विस्तार ब्याख्या गरिएको छ । ती कीर्तिहरू पढ्दा वुझिन्छ कि - किराँतहरूले आफ्नो भाषामा ऋग्वेद, शुक्लयर्जुवेद र तन्त्रराजतन्त्रमा लेखिएका कुराहरूलाई संरक्षित गरेर मुन्धुमका रूपमा राखेका छन् । रुद्रलाई ऋग्वेदमा चारैतिर प्रकाशले घेरिएको बताइएको छ । त्यस्तै ताँगेरानिङ्वाफूमाङलाई मुन्धुममा जगतका पिता, सृष्टिका रचियता जो चारैतिर सूर्यको किरण जस्तो प्रकाशले घेरिएका भनिएको छ । जसको शक्ति युमासाम्माङ्ग देवी हुन् उनले पृथ्वीका प्राणीहरूको पालनपोषण र संरक्षण गर्दर्छिन । उनलाई सुम्निमा वा चण्डी पनि भनिन्छ । ताँगेरानिङ्वाफूमाङलाई पारुहाङ्ग वा थेवा पनि भनिन्छ । एक दिन पारुहाङ्गले सुम्निमालाई सुनकोशी नदीको किनारमा एउटा झुपडीमा छोडेर सृष्टिको भ्रमण गर्न निष्किए । उनी चोमोलोङ्मा (सगरमाथा) मा उभिएर संसारलाई अवलोकन गरे । धेरै समय बितिसक्दा पनि पारुहाङ्ग नफर्किए पछि सुम्निमा रिसाइन । तर पछि पारुहाङ्ग आएर अव आइन्दा सुम्निमालाई कहिल्यै पनि छोडेर नजाने बाचा गरे पछि सुम्निमा खुशी भएर नाचिन । त्यो नाच नै चण्डी नाच हो । आजपनि यो चण्डी नाच किराँतहरूले उमौली वैशाखमा र उधौली मंसीरमा नाच्दछन् । त्यसैगरी नेपालीहरूको मुख्य चाड दशैंमा त्यही चण्डी देवीको चण्डीपाठ पर्दछन् ।

मुन्धुमका अनुसार प्राचीनकालमा नेपालमा किराँतहरूको शासन थियो । सुम्निमा र पारुहाङ्गलाई मान्ने धर्म नै राजधर्म थियो । चौधौं शताव्दीमा लेखिएको गोपालराज वंशावालीका अनुसार किराँत राजाहरूले १९३५ वर्ष जति शासन गरेका थिए (Gopalaraja Vamsavali . pdf) ।

मुन्धुमकानुसार युमा वा सुम्निमा देवीको मौलो वरिपरी रातो र चन्द्रसूर्य भएको ध्वजा गाडेर पुज्दथे । उक्त ध्वजा देवी (सुम्निमा)को प्रतिक थियो । त्यो ध्वजा नेम्वाङ्गहरूले बनाएका थिए । त्यसवेला एकजना शक्तिशाली रानी थिइन । उनको नाम सुयनसुनोहाङ्गमा थियो । उनी युमा वा सुम्निमाकी रूप थिइन । त्यसकारण देवीको ध्वजा रानीको झण्डाका रूपमा परिणत भयो । उनले सिनयुक (पहाड) र मुदेन (तराई) लाई एउटा देश बनाइदिइन । आफ्नो राज्य जो पूर्वमा टिष्टा र पश्चिममा गढ्वालसम्म थियो । उनले त्यहाँ किराँतधर्म फैलाइन र त्यहाँ उनकै झण्डा फरफरायो । त्यसै गरी मावोहाङ्ग राजाले दक्षिण पश्चिम तिब्वतमा आक्रमण गरी त्यहाँ पनि किराँत धर्मको प्रचार गरे । त्यसकारण भोटेहरूले बौद्ध धर्म माने पनि तारा भनेर देवीलाई मान्दछन् अनि शिवलाई गुरु रिम्पोचेका रूपमा पुज्दछन् । तन्त्रराजतन्त्रका अनुसारतारा देवी कालिका वा चण्डीको अर्को नाम हो (Abhidharma Tantraraja) ।

किराँतकालमा नेपालका विभिन्न ठाउँहरूमा किल्ला बनाएर त्यहाँ देवीको थान वा मौलो स्थापना गर्ने चलन थियो । त्यही देवीको झण्डा, १८ औं शताब्दीमा भक्तपुर राज्यको झण्डा थियो । गोरखाका राजा पृथ्वीनारायण शाहले सन १७६७-१७६९ मा जव काठमाडौं उपत्यकालाई विजय गरे, तव उनले त्यही देवीको झण्डालाई नै प्राचीनकालको नेपालको झण्डा चिनेर नेपालको राष्ट्रिय झण्डा घोषित गरे । उनले टुक्रिएका राज्यहरू जोड्ने अभियानमा पूर्वमा टिष्टालाई नेपालको साँध बनाए र उनका नाती रणवहादुर शाहका पालामा नेपाली सेना गढ्वालसम्म पुगेर त्यही देवीको झण्डा गाड्यो । अहिलेसम्म पनि त्यही झण्डा नेपालको राष्ट्रिय झण्डाका रूपमा रहिरहेको छ । यसैगरी नेपाली सेनाको झण्डामा त्रिशुल र डमरु चिन्ह रहेको छ। आज पनि

पशुपतिनाथ, दक्षिणकाली लगायतका धार्मिक शक्तिपिठहरू वा मन्दिरमा पित्तलवाट वनेका नेपालको झण्डा राखिएको देखिन्छ । यहाँवाट के स्पष्ट हुन्छ भने नेपालको राष्ट्रवाद पाशुपत शैव संस्कृतिबाट आएको हो ।

नेपालको सवैभन्दा धेरै जनसंख्यामा रहेको जाति खस क्षेत्री हो । जसको अधिकतम् बसोवास कर्णाली र महाकाली क्षेत्रमा रहेको छ । यिनीहरूको धार्मिक रितिथितिमा शैव संस्कृति नै झल्किन्छ । उनीहरूको मूलथलो कर्णाली र महाकाली क्षेत्र भए पनि क्षेत्रीहरू मेची देखि महाकालीसम्म छरिएर रहेका छन् । उनीहरूका सङ्कथनमा कूल देवता मष्टो वा देवी हुन् । जस्तै मुडुला कार्कीको कुलदेवता कालो मष्टो, राउतको दाह्रे मष्टो, खप्तडी बस्नेतको खप्पर मष्टो, खुलाल खड्काको दाह्रे मष्टो, बगाले थापाको बिन्दवासिनी देवी र रुद्र मष्टो, चौहानको कालिकादेवी हुन । यिनीहरूको कुलमा मष्टोका धामी हुन्छन् । उदाहरणका लागि मुडुला कार्कीको कालो मष्टोका धामीले कुलको पूजामा बलि दिएको बोकाको रगत पिउँदछन्, जसलाई भोगखाने पनि भनिन्छ । अझै पनि यस्तो मान्यता छ कि - मष्टोको धामीले बेदको चालिसओटा अध्याय कण्ठ पार्नु पर्दछ । जुन चारवटै वेद हुन् । उनीहरूका अतितका वारेमा एउटा सङ्कथन छ कि - धामीले खसहरूको धार्मिक स्थल रिनामोक्ष, छाँयानाथ, मुक्तिनाथ र ठाकुरजीमा गएर पूजा गर्नु पर्दथ्यो । उसले आफु धामी भएको प्रमाणित गर्न एउटा प्रसिद्ध धामीवाट धितो छाप ल्याउनु पर्दथ्यो । मष्टोलाई घरको भित्ताको खोपीमा दियो बालेर पुज्ने चलन छ । क्षेत्रीहरूका सङ्कथन अनुसार बाह्र मष्टो र नौ दुर्गा भवानी हुन्छन् । यी मष्टोका दिदीवहिनी चाहि देवीहरू हुन । मष्टोहरूको नाम यस प्रकार रहेका छन् । धाँधरा मष्टो, कामा मष्टो, कालो सिल्टो मष्टो, कैलाश मष्टो, दुधे सिल्टो मष्टो, सिमा मष्टो, थार्पा मष्टो, लङ्खुरो मष्टो, दाहे मष्टो इत्यादि । यसैगरी देवहरूमा मालिका, कनकसुन्दरी, त्रिपुरासुन्दरी, जाल्पादेवी, कालिका, खेसामालिनी, ठिङ्ग्याल्नि पुङ्गेल्नी, बिन्दवासिनी र हिमालिनी हुन् । खस क्षेत्रीहरूले मष्टोलाई खास गरेर दुधे मष्टो र दाह्रे मष्टोका रूपमा मान्ने गर्दछन् । मष्टो भन्ने शव्द खसहरूकै मौलिक शब्द हो । जव कि शिव, शंकर, रुद्र र महादेव भन्ने संस्कृत भाषाका शव्द हुन् । त्यसकारण १५ औ शताब्दी भन्दा पहिल्यैका ऐतिहासिक शिलालेखहरूमा मष्टो भन्ने शब्द उल्लेख भएको पाइदैन । तर खस राज्यका शिलालेखहरूमा शिवका वारेमा उल्लेख छ (पाण्डे, १९९७ : १२४, १३९, १४१) । मध्यपूर्व कालका शिवलिङ्ग र देवीका मूर्तिहरू कर्णाली र महाकाली क्षेत्रमा भेटिएका छन् (शर्मा : २०१२) । खस राज्य (सन् ११औं शताव्दी- सन् १४ औं शताव्दी) को समयमा शिलालेख र ताम्रपत्रहरू संस्कृतमा लेखिनुले मष्टो भन्ने शव्दको उल्लेख भएन । तर १५ औं शताब्दीमा गएर बझाङ्गका राजा शक्तिसिहंको पालामा मष्टो भन्ने शब्दको प्रयोग भएको देखिन्छ । उनले आफ्नो राज्यमा मष्टोका थानहरू वनाए (पाण्डे, १९९७ : २८८) । बझाङ्गी राजाका कुलदेवता नै दुधे मष्टो हुन् । त्यसकारण शक्तिसिंहको सन् १४४६ को ताम्रपत्रमा उनलाई शैव भनिएको छ । उनले महेश्वर र महेश्वरीको पुजा गर्दथे (ऐजन) । त्यसैगरी बझाङ्गी राजा भैरब सिंहको सन् १६३२ को ताम्रपत्रमा उनलाई परममहेश्वरको पूजा गर्ने भनिएको छ । यहाँवाट के वुझिन्छ भने दुधे मण्टो भनेका शिवजी नै हुन । जसलाई दुध चढाइन्छ । जवकि दाह्रे मष्टो भनेको भैरबको रूप हो । जसलाई तामाङ्गहरूले भैरुङ्ग वा लाहा भन्दछन् भने नेवारहरूले नाटेश्वर भन्दछन् । पश्चिम नेपालका खसहरूले तिनलाई बजैनाथ, छायाँनाथ वा उमामहेश्वर पनि भन्दछन् ।

माथि उल्लिखित छलफलवाट पाशुपत शैव धर्म कै आधारमा नेपालको मौलिक संस्कृतिको निर्माण भएको देखिन्छ । यस धर्मका मुख्य ग्रन्थहरूमा ऋग्वेद, शुक्लयुर्जुवेद, शिवगीता, कौडिन्य ऋषिको पाशुपत सूत्र, कर्णाद ऋषिको वैशेषिक दर्शन, हिमवतखण्ड पुराण, श्रीस्वास्थानी, देवी भगवत, तन्त्रराजतन्त्र, योगिनी वा

योगिनीतन्त्र, महानिर्वाणतन्त्र इत्यादि हुन । १९ औं शताव्दीको प्रारभ्भमा फ्रान्सिस बि.ह्यामिल्टनले लेखेको पुस्तकमा उल्लेख छ कि पहाडे ब्राह्मणहरू यर्जुवेदि हुन र उनीहरूको मूल धार्मिक ग्रन्थलाई तन्त्र भन्दछन् (Gutenberg.org) । शुक्लयर्जुवेद लेख्ने ऋषि यज्ञवल्क्य हुन् । जो मिथिला (जनकपुर) का राजा जनकका गुरु थिए । यो ग्रन्थ आठौं शताव्दी इसापुर्वको हो, जुन पछिल्लो वैदिककालमा पर्दछ ।

शिव गीताका अनुसार प्राणीहरू पाँच प्रकारवाट निर्मित हुन्छन् । जसमा पसीना (स्वेदज) वाट जन्मने जुम्रा, बीज (उद्‌भिज) बाट जन्मने वृक्ष वा वोट विरुवाहरू, माटोबाट जन्मने गड्यौलाहरू (द्विद्‌बीज), अण्डा (अण्डज) वाट जन्मने सर्प र चराचुरुङ्गीहरू र सालनालवाट जन्मने(जरायुज) बाट मनुष्य र जनवारहरू हुन् (Sundaram, 1997.pdf) । ऋग्वेदका अनुसार नर र नारीको संभोग भए पछि रुद्रले चाहे भने नन्दीले रुद्रको प्रकाशको ज्योति नारीको गर्भमा राखिदिन्छन् । त्यसपछि मात्र नारीको गर्भमा बच्चा आउँदछ । पृथ्वीमा मनुष्यको समयपुरा भए पछि नन्दी त्यही प्रकाशको ज्योती जसलाई चित्त भन्दछन्, त्यसलाई लिन आउँछन, त्यसपछि मानिसको शरिर निष्प्राण हुन्छ । मनुष्यको शरीर पञ्चतत्व (पृथ्वी, अग्नि, वायु, जल,र आकाश) ले बनेको हुन्छ । कौडिन्य ऋषिका अनुसार मनुष्यलाई जनवार झैं स्तरीकरण गर्नु हुँदैन । योगिनीतन्त्र वा योनीतन्त्रका अनुसार मनुष्यका दुईवटा मात्र जाति हुन्छन : नर र नारी अर्थात महिला र पुरुष (abhidharma tantra.pdf) ।

त्यस तन्त्रअनुसार नारीको अङ्ग अङ्गमा बिभिन्न देबीहरूको बास हुन्छ । त्यसकारण नरले नारीको आदर गर्नु पर्दछ । कौडिन्य ऋषिका अनुसार मनुष्य पदार्थवाट वनेको हुनाले उसको अनुभब र आवश्यकता पदार्थभन्दा बाहिर जादैन (Pasupata-Sutram.pdf) ।

मनुष्य वाँच्न र आफ्नो जीवन सुविधाजनक बनाउन पदार्थकै उपयोग कर्मद्वारा गर्दछ । जसकाकारण द्रव्यानीको सृजना हुन्छ । बेदहरू र कौटिल्यको अर्थशास्त्रमा द्रव्यानी भनेको खास गरेर कृषि ब्यापार, व्यावसाय र पशुपालन हुन । कर्णाद ऋषिका अनुसार द्रब्यानी (अर्थतन्त्र) को चरित्र रूप, रस, गन्ध र स्पर्स हुन् द्वन्द्व, संयोजन र विगठन द्रव्यानी कै कारणले हुने गर्दछ (Vaisheshika Darsana.pdf) । कौटिल्यका अनुसार द्रब्यानी र रणनीतिक कारणले द्वन्द्व हुन्छ । मनुष्यको कर्मले सृजना भएको द्रब्यानीका आधारमा सामाजिक अवस्थाको निमार्ण हुन्छ (Chanakya.pdf) ।

यसै भित्र राजनीति र संस्कृति पनि अटेका हुन्छन् । सामाजिक अवस्थामा परिवर्तन आउँन द्रब्यानीमा नै परिवर्तन आउँनु पर्दछ । द्रब्यानी र समाजको सुरक्षाका लागि सेना हुन जरुरी छ । यस धर्मका अनुसार शिक्षा र स्वास्थ्यको जिम्मा राज्यले लिनु पर्दछ । जसलाई पणि (ब्यापारी) को हातमा दिनु हुँदैन् । कौटिल्यको तर्क अनुसार सामानको मूल्य राज्यले नै निर्धारण गर्नु पर्दछ । जमिनको उपयोग सवै जनताले राज्यलाई कर तिरेर प्रयोग गर्न पाउँदछन् । यस धर्ममा ब्यक्तिवाद र नीजी सम्पत्तिको महत्व रहदैन । जनकल्याण र सार्वजनीक सम्पत्तिको महत्व हुन्छ । ऐतिहासिक दृष्टान्तहरूमा काठमाडौ उपत्यका र तराईमा बाहेक नेपालका पहाडहरूमा १८औं शताव्दीसम्म पनि धेरै जसो सामाजिक,आर्थिक समानता थियो । (रेग्मी, १९९९ : २८, ३५) । सुगौली सन्धि (सन् १८१५-१६) पछि नेपालमा स्मृति पुराणोक्त धर्मको प्रभावले केही नियम कानुन बने । तर सन् १८५३-५४ मा जंगवहादुर राणाले रौतहटवाट बनरसमा पढेका दुईजना मधेशी ब्राह्मणहरूलाई झिकाएर मुलुकी ऐन नै जारी गरे । जुन स्मृति र पुराणहरूको आधारमा बनेको थियो । जसले निजि सम्पत्ति र जातको आधारमा समाजको बिभाजन गऱ्यो । नेपाली जनताहरूले उक्त नियम कानुनलाई स्वीकार गर्न बाध्य भए । परिणाम स्वरूप

पुरुषप्रधान संस्कृति र सामाजिक आकार भित्र महिलाहरू दोश्रो दर्जाका नागरिक हुन बाध्य भए । नेपाली समाजमा फैलिएको संस्कृतिकरण इतिहासका विभिन्न कालखण्डमा प्रचलित रहे । जसको केही मुख्य छायाँहरू प्रस्तुत गर्न सान्दर्भिक हुन्छ ।

## ३ संस्कृतिकरण र यसका परिणामहरू

नेपालमा स्मृति पुराणोक्त धर्म भित्र्याउँने काम प्राचीन कालदेखि नै शासकहरूले गरेका थिए । १४ औं शताव्दीमा लेखिएको गोपालराज बंशावली अनुसार लिच्छविहरूले नै वर्णाश्रम धर्मलाई स्थापित गरेका थिए ( Gopalaraja Vamsavali.pdf) लिच्छवि शिलालेखहरूमा बर्णहरू जस्तै ब्राह्मण, क्षत्रीय र चाण्डलको ( Regmi.pdf) । उल्लेख भए पनि एउटा शिलालेखमा ब्राह्मणवाट चाण्डलसम्मका जातिहरूलाई कल्याण होस ( ऐजन) भनेर लेखिए पनि त्यसवेलाको समाजमा साँच्चैकै बर्णाश्रम धर्म थियो भन्न सकिन्दैन । किनकी शिलालेखहरूमा लिच्छविहरूले स्मृतिहरूको आधारमा नियम कानुनहरू बनाएको देखिन्दैन् । गोपालराज वंशावलीका अनुसार लिच्छिवि राजा सुपुष्पदेवले पशुपतिनाथको मन्दिर वनाएका थिए । किराँतहरूको मुन्धुम अनुसार पाटनको पश्चिमी भागमा तिखेल भन्ने ठाउँमा किराँतेश्वरको मन्दिर थियो । आज त्यसलाई नेपालीमा तिखेदेवल पनि भनिन्छ । देवल भनेको खस भाषामा मन्दिर हो । किनकी त्यहाँ शिवको मन्दिर थियो । लिच्छवि कालमै लेखिएको नेपाल महात्म्यका अनुसार श्लेषमान्तक बनमा ऋषिमुनीहरूको आश्राम थियो । त्यहाँका रुखहरूमा देवीहरूको बास थियो । ती आश्रामका वरिपरि शिव मृगको रूप लिएर हिड्दथे र वागमती नदीको जल पिउँदथे । यी ऐतिहासिक संग्रहवाट के स्पष्ट हुन्छ भने लिच्छवि कालमा पनि पशुपत शैव धर्मको प्रभाव थियो । तर मुन्धुमका अनुसार त्यसवेला किराँत राजा हंसुदेवको शासन थियो । उनले पारुहाङ्ग र सुम्निमालाई नै मान्दथे । तर उनको एउटा मन्त्री कार्थकउकदे भन्ने थिए भने उनी बुद्धिष्ट थिए । उनै मन्त्रीको प्रभावमा परेर राजा हंसुदेव पनि बुद्धिष्ट भए । मुन्धुमका अनुसार - त्यसपिछ उनले आफ्नी छोरी दिउचिनको विवाह तिब्वतका राजा स्रोङ्चेन गेम्पोसँग गरिदिए । मन्धुममा उल्लिखित हंशुदेवलाई अरु संस्कृत भाषामा लेखिएका ऐतिहासिक दस्तावेजमा अंशुवर्मा भनी उल्लेख गरिएको पाइन्छ । त्यही अंशुवमाको, शिलालेखमा लेखिएको छ कि - धार्मिक सम्प्रदायहरूको बीचमा बादविवाद भयो भने त्यसको समाधान राजदरवारले नै गर्नु पर्दछ (Regmi.pdf) ।

लिच्छवि कालमा पशुपत शैव धर्म, बौद्ध धर्म र केही स्मृति पुराणोक्त धर्म मान्ने मानिसहरू थिए । अंशुवर्माले बुद्धिष्ट धर्म अपनाए पछि त्यसको प्रभाव जनतामा पनि परेको हुन सक्दछ । किनकी उनले किराँतहरूको नेतृत्व गर्दथे । इतिहासवाट स्पष्ट हुन्छ कि उनको पारिवारिक सम्वन्ध लिच्छविहरूसँग थियो । यहाँ वुभ्न जरुरी छ कि - बुद्धिष्ट भए पछि स्मृति पुराणोक्त धर्म मान्न पनि सजिलो हुन्छ । किनकी यी दुवै कपिल मुनिको संख्या दर्शनमा आधरित छ । गौतमवुद्धले त्यहाँवाट आत्मालाई मात्रै निकालेका हुन् र इच्छाका कारणले पुर्नजन्म हुन्छ भने । बशिष्ठ ऋषिले व्राम्हणलाई पहिलो वर्ण माने भने वुद्धले क्षत्रीयलाई पहिलो वर्ण माने । यी दुवैले अहिंसा, प्रेम, दया र करुणालाई मूल मान्दछन् । बुद्धले श्रीमतीको काम घरपरिवारको हेरचाह गर्ने र बुनाइ तुनाई गर्ने हो भनेका थिए (buddhanet.pdf) ।

वुद्धलाई विष्णुको अवतार मानिन्छ । प्रचीनकालमा भारतमा मध्य एशियावाट जति पनि आर्कमण भए जस्तै ग्रीक, हुँण, शक, कुशान ती आक्रान्ताहरूले भारतमा शासन गर्दा उनीहरू बुद्धिष्ट थिए । तर पछि गएर स्मृति पुराणोक्त धर्म मान्न थाले । त्यसै गरी नेपालमा पनि अंशुवर्मा वुद्धिष्ट भए पछि यहाँ स्मृति पुराणोक्त धर्मले स्थान पायो । लिच्छविकालमा रणनीतिक तरीकाले काठमाडौ उपत्यकामा चार ओटा नारायणको स्थापना गरियो

। जसमा बिशंखुनारायण, इचंगुनारायण, शेषनारायण, चाँगुनारायण हुन । तर पशुपत शैव धर्म चाहि अधिकतम् मानिसले मान्ने भएकाले त्यति वेला समाजको विभाजन भएको थिएन । किराँत र लिच्छविकालमा एउटा नेपाल राष्ट्रको निर्माण भएको थियो र देवी कै ध्वजालाई रातो र सूर्य चन्द्र अङ्कित मानिथ्यो ।

काठमाडौ उपत्यकामा लिच्छवि कालमा एउटा गौस्थिका भन्ने संस्था थियो (प्रधान : ३०) । त्यसको आधारमा विभिन्न पेशाहरू गरिन्थ्यो । त्यो समुहमा बाँधिएको थियो । त्यही पेशाको आधारमा चौधौं शताव्दीमा राजा जयस्थिति मल्लले काठमाडौं उपत्यकामा स्मृति पुराण धर्मका आधारमा थिति बन्देज बाँधे । उनले बनाएको पहिलो कानुन "प्रजाहरूले आफ्ना घरखेत विर्ता राखेर ऋण ग्रहण गर्न र विक्री गर्न पाउने छन्" (आचार्य, नरहरिनाथ, २०६१ : ९०) । उनले बताएको नियम कानून अनुसार समाजलाई चारवर्ण ६४ जातिमा बाडे । अनि हरेक मानिसले जात अनुसार नै पेशा गर्नु पर्ने भनी तोकिदिए (ऐजन : ९१, १०१) । उनले पशुपत शैव धर्मको समुदायवाद र सार्वजनिक सम्पत्ति माथि जमीनको नीजीकरण र मनुष्य जातिलाई जातको आधारमा स्तरीयकरण गर्दै नेपालको मौलिक संस्कृतिमाथि सोझै प्रहार गरे ।हामीले किटेर भन्न सकिन्दैन कि कुनै बिशेष मल्ल राजाको पालामा नेपाल टुक्रियो तर पछिल्लो लिच्छबि कालदेखि स्मृति पुराणोक्त धर्मको प्रभाबले मल्ल कालमा गएर टुक्रियो । नेपालको राष्ट्रियता शैव सँस्कृतिमा आधारित थियो । तर जब स्मृति पुराणोक्त धर्मलेप्रहार गऱ्यो तब राष्ट्रियता पनि कमजोर भयो ।शैब सँस्कृतिमा रहेको सामुहिकताबादमा र कर्मबाट नै मान्छेको जीबनको अबस्था निर्धारित हुने चलनले किराँत कालमा नै नेपाल देश टिष्टाबाट गढ्वालसम्म बनेको थियो । काठमाण्डौं उपत्यका पछि स्मृति पुराणोक्त धर्मको प्रभाव पश्चिमको खस राज्यमा पनि परेको थियो । सन् १२२३ को ताम्रपत्र जो कुमाउँमा रहेको सुईको बालेश्वर मन्दिरमा भेटिएको छ । जसमा राजा क्राचल्ल देव आफ्नी आमा शिराको नामबाट चिनिएका छन् । तर त्यहाँ उल्लेख छ कि-एउटा भट्टनारायण बंगज नामको ब्राह्मण बंगालबाट आएका थिए । जसले ज्योतिषशास्त्र र धर्मशास्त्र सिकाए (एटकिन्सन, १९७४ : ५१६-१९) तर खस राजाहरूले धर्मशास्त्रका आधारमा नियम कानुनहरू बनाएको देखिँदैन् । स्मृति पुराणोक्त धर्मको प्रभाव थियो भन्ने कुरा कर्णाली र महाकाली क्षेत्रमा मध्यकालका विष्णुका मूर्तिहरूवाट प्रमाणित हुन्छ (शर्मा, २०१२ : ४१-२८४) । सन् १७९३ मा रणवहादुर शाहका पालामा शासन कसरी गर्नु पर्छ भन्ने नियम कानुनहरू बनेका थिए । त्यस कानुनको चौथो भागमा अहिले नेपालमा अन्याय छ । त्यसकारण धर्मशास्त्रका आधारमा नियम कानुन वनाउँन सम्भव छैन् । गुरु, पुरोहित, भारदार सम्मानित व्यक्ति र ब्यापारीहरूसँग सल्लाह गरेर देशको रितिथिति अनुसार नै कानुन वनाउँनु पर्दछ (रेग्मी १९९९ : २०९) । यहाँवाट के वुझिन्छ भने स्मृति पुराणोक्त धर्मको आधारमा नियम कानुन वनाउँने चलन थिएन । तर सुगौली सन्धि पछि राजेन्द्र विक्रम शाहको पालामा केही स्मृतिहरूका आधारमा नियम कानुनहरू बनेका देखिन्छन् । जस्तै सन् १८३६ मा बनेको कानुन अनुसार विधुवा भाउजुलाई ब्यहोर्दा ब्राह्मणको जात पतित गर्नु, मगर, गुरुङ र खसहरूको लिङ्ग काट्नु, नेवारको सर्वस्वहरूण गर्नु र त्यस्तै कामी, दमाई सुनार र सार्कीहरूलाई मासिदिनु (नेपाली २०६० : १४३-४५) । यहाँ के देखिन्छ भने एउटै अपराधमा पनि जात अनुसार फरक - फरक कानुनहरू तोकिएका छन् । त्यसैगरी त्यही वर्ष अर्को कानुन पनि जारी भयो । जसमा मगरहरूलाई छुवाछुत मान्न वाध्य बनाईयो । जुन कानुनमा उल्लेख छ कि - तल्लो जातको हातवाट मगरहरूले खाजा समेत नखानु (ऐजन : १३६) ।

१९औं शताव्दीका ऐतिहासिक दस्तावेजहरू हेर्दा स्मृति पुराणोक्त धर्मको प्रभाव थियो भन्ने स्पष्ट हुन्छ । सन् १८५३ -५४ मा बनेको मुलुकी ऐनले नीजि सम्पत्तिको महत्व र समाजमा जातका आधारमा स्तरीकरण

बलियो ढङ्गले स्थापित गऱ्यो । त्यस ऐनले साहु तिर्नेको भन्ने भागमा यस्तो नियम बनाइदियो कि ऋण दिदा १० प्रतिशत ब्याज लिने र ब्यापारमा ऋण दिएको रकमवाट जति सक्यो साहूले फाइदा लिन पाउँने उल्लेख थियो (रेग्मी, २००२ : ८, ९) । त्यसैगरी महिला पुरुषमाथि हरेक दृष्टिले परनिर्भर थिए । जस्तै श्रीमानले कुटपिट र अङ्ग भङ्ग गरेमा मात्रै उनीहरूले बाँच्नका लागि खर्च पाउँदथे। यस वाहेक उनीहरूको उजुर सुनिन्दैनथ्यो । श्रीमानले जतिवटी पनि श्रीमती ल्याउँन पाउँदथ्यो । जव कि पशुपत शैव धर्ममा श्रीमान वा श्रीमतीले बाँचुञ्जेल दोश्रो विवाह गर्न पाइदैन । जुन कुराको पुष्टि ऋग्वेद, कौटिल्यको अर्थशास्त्र र महानिर्वाणतन्त्रले गरेको छ ।

## निष्कर्ष

नेपालमा हाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था रहे पनि संविधानले नै जनतालाई जातिय, क्षेत्रीय आधारमा स्तरीयकरण गरिएको छ । जाति र क्षेत्रको आधारमा आरक्षणको व्यवस्था छ । जुन अव्यवहारिक हुनुका साथै हाम्रो मौलिक रैथाने ज्ञान प्रणाली विरुद्ध छ । निजीकरणका नाउँमा शिक्षा र स्वास्थ्यलाई निहित व्यापारीहरूको हातमा सुम्पिएर राज्य आफ्नो जिम्मेवारीबाट च्यूत भएको छ । शैव सिद्धान्तमा शिक्षा र स्वास्थ्यमा राज्यको भूमिका अनिवार्य छ । किनकी यी विषयमा जनताको पहुँचबाट नै राज्य कल्याणकारी र समृद्ध (समान वृद्धि र उन्नती) बन्दछ । जुन अहिले आकाशको फल बनेको छ । यस व्यवस्थाले हुने (धनी) र नहुने ( गरिब) को खाडललाई बढाएको छ । यो व्यवस्था शैव मतको दुष्मन रहेको छ । शिक्षा र स्वास्थ्य जनाले सर्वसुलभ र निःशुल्क पाउने नैसर्गिक अधिकार हो भन्ने शैमतमा रहेको छ । देश प्रेषण अर्थतन्त्र र आयातमुखी बजार अर्थतन्त्रले चलेको छ । यो नै अहिलेको अर्थतन्त्रको मूल समस्या हो । स्मृति पुराणोक्त धर्म र पश्चिमी विचारहरूलाई त्यागेर पाशुपत शैव धर्मको आधारमा समुदायवाद र सार्वजनिक सम्पत्तिको महत्व भएको समृद्ध समाजको निर्माण गरिनु नै अहिलेको मूल आवश्यकता हो । यसरी हामीले समूहवाद, सामूहिक हितमा नै सबैको कल्याणन हुन्छ भन्ने मानवतावादी मान्यताबाट नै नेपाली राष्ट्रवादलाई जगाउँनु युगको आह्वान हो ।

## सन्दर्भग्रन्थ सुची

आचार्य, बाबुराम, नरहरिनाथ योगी (वि.सं. १९६१), "स्थिति बन्देजहरूको वर्तमान भाषा अनुसारको पथ", *बडामहाराजधिराज श्री ५ पृथ्वीनारायण शाहको दिव्योपदेश* (सं.), श्रीकृष्ण आचार्य, काठमाडौं : अन्तराष्ट्रिय मञ्च छापाखाना ।

एटकिन्सन्स, इ.टि. (सन् १९७४), *कुमाउँ हिल्स,* नयाँ दिल्ली : कस्मा पब्लिकेशन ।

नेपाली, चित्तरञ्जन, (वि.सं.२०६०), *जनरल भमिसेन थापा र तत्कालीन नेपाल,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

पाण्डे, रामनिवास, (सन् १९९७), *मेकिङ्ग अफ मोर्डन नेपाल : अ स्टडि अफ हिस्ट्रि एण्ड कल्चर अफ द प्रिन्सिपालिटिज अफ ओएष्ट्रन नेपाल,* नयाँ दिल्ली : निरली पब्लिकेशन ।

रेग्मी महेशचन्द्र (सन् १९९९), *अ स्टडि इन इकोनोमिक्स हिस्ट्रि (१७६८-१८४६),* नयाँ दिल्ली : अड्रोइट पब्लिकेशन ।

स्टिलर, एल लर्डउईग एफ (सन् १९७६), *द साईलेन्ट क्राई : पिपुल अफ नेपाल (सन् १८१६-१८३९),* काठमाडौः रत्नपुस्तक भण्डार ।

श्री निवास, एम.एन (१९६२), *काष्ट इन मोर्डन इण्डिया एण्ड अदर,* बम्बइः एस्सेज बम्बई ।

शर्मा, दिल्लीराज, (सन् २०१२), *हेरिटेज अफ वेष्ट्रन नेपाल, आर्ट एण्ड आर्किटेक्चर,* काठमाडौंः सिनास ।

## वेव साइट

(https://ia800102.us.archive.org/12/items/
rigvedacomplete/Rig%20Veda%20Complete%20%28Sakala%20Shakha%29.pdf)

https://ia800102.us.archive.org/12/items/rigvedacomplete/Rig%20Veda%20Complete%20%28Sakala%20Shakha%29.pdf)

https://ia801608.us.archive.org/7/items/ in.ernet.dli.2015.220204/2015.220204.Pashupatinath.pdf)
https://www.kurumbang.com/HISTORY-OF-THE-KIRAT-PEOPLE.pdf%20chetterji.pdf)

https://ia802809.us.archive.org/5/items/GopalarajaVamsavaliDhanavajraVajracaryaAndKamalP..Malla/Gopalaraja%20Vamsavali%20%28Dhanavajra%20Vajracarya%20and%20Kamal%20P..%20Malla%29.pdf)

(http://www.abhidharma.ru/A/Ioga/Tantra/Tantraraja-Tantra.pdf)

(http://www.gutenberg.org/files/30364/30364-h/30364-h.htm)
(https://ia601904.us.archive.org/3/items/SivaGita/Siva%20Gita-P.K.Sundaram-1997.pdf

(http://www.abhidharma.ru/A/Ioga/ Tantra/Yoni.pdf)

(https://ia800100.us.archive.org/8/items/205345631PasupataSutramHaripadaChakroborti_20180121/205345631-Pasupata-Sutram-Haripada-Chakroborti.pdf

http://darshanapress.com/The%20Vaisheshika%20Darshana.pdf

(https://csboa.com/ eBooks/Arthashastra_of_Chanakya_-_English.pdf)

https://ia802809.us.archive.org/5/items/GopalarajaVamsavaliDhanavajraVajracaryaAndKamalP..Malla/Gopalaraja%20Vamsavali%20%28Dhanavajra%20Vajracarya%20and%20Kamal%20P..%20Malla%29.pdf

(https://zenodo.org/record/887898/files/REGMI%20vol.1.pdf)
(https://zenodo.org/record/887898/ files/REGMI%20vol.1.pdf)

(http://www.buddhanet.net/pdf_file/qanda-women.pdf)